# राष्ट्रिय परीक्षा बोर्ड

## सानोठिमी, भक्तपुरको

## विज्ञप्ति

साविक उच्च माध्यमिक शिक्षा परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा २०७३ साल बैशाख महिनामा सञ्चालित कक्षा १२ को व्यवस्थापन, मानविकि तथा शिक्षा विषय समूह तर्फका नियमित तथा आंशिक परीक्षाको परीक्षाफल राष्ट्रिय परीक्षा बोर्ड परीक्षा सञ्चालक समितिको मिति २०७३/०५/२७ गतेको निर्णयानुसार प्रकाशित गरिएको छ । परीक्षाफलको विवरण निम्नानुसार रहेको छ :

| नियमित तर्फ | | | |
|---|---|---|---|
| गतवर्ष - २०७२ | | यसवर्ष - २०७३ | |
| सम्मिलित परीक्षार्थी संख्या | १६१४५८ | सम्मिलित परीक्षार्थी संख्या | १७५५९३ |
| उत्तीर्ण परीक्षार्थी संख्या | ६४५६७ | उत्तीर्ण परीक्षार्थी संख्या | ८४५९३ |
| उत्तीर्ण प्रतिशत | ३९.९९% | उत्तीर्ण प्रतिशत | ४८.१७ |
| परीक्षाफल स्थगित गरिएका परीक्षार्थी सङ्ख्या | २ | परीक्षाफल स्थगित गरिएका परीक्षार्थी सङ्ख्या | |
| परीक्षा रद्द गरिएका परीक्षार्थी सङ्ख्या | १२१ | परीक्षा रद्द गरिएका परीक्षार्थी सङ्ख्या | ३८ |
| आंशिक तर्फ | | | |
| सम्मिलित परीक्षार्थी संख्या | १२९००८ | सम्मिलित परीक्षार्थी संख्या | १२३१८१ |
| उत्तीर्ण परीक्षार्थी संख्या | ४१९२६ | उत्तीर्ण परीक्षार्थी संख्या | ४८७६३ |
| उत्तीर्ण प्रतिशत | ३२.४९% | उत्तीर्ण प्रतिशत | ३९.५९ |
| परीक्षाफल स्थगित गरिएका परीक्षार्थी सङ्ख्या | ११ | परीक्षाफल स्थगित गरिएका परीक्षार्थी सङ्ख्या | |
| परीक्षा रद्द गरिएका परीक्षार्थी सङ्ख्या | १०८ | परीक्षा रद्द गरिएका परीक्षार्थी सङ्ख्या | ३६ |

**प्रकाशित परीक्षाफल निम्न Web-site मा हेर्न सकिनेछ :**

१. राष्ट्रिय परीक्षा बोर्डको website: www.neb.gov.np
२. नेपाल टेलिकमको website : www.neb.ntc.net.np
३. इयुजोनिक्स एजुकेशन प्रा.लि. को website : www.edusanjal.com
४. P & P Multimedia प्रा.लि.को website : www.edukhabar.com
५. One Up कम्युनिकेशन को website : www.meroshikshya.com

**प्रकाशित परीक्षाफल निम्न SMS बाट प्राप्त गर्न सकिनेछ :**

१. नेपाल टेलिकमको **१६०१** मा SMS गर्ने तरिका :
hseb <space> Symbol No. टाईप गरी **१६०१** मा SMS गर्ने ।
२. जानकी टेक्नोलोजी प्रा. लि को **३५००१** मा SMS गर्ने तरिका :
HSEB <space> Symbol No. टाईप गरी **३५००१** मा SMS गर्ने ।
३. फोकसवान नेपाल प्रा. लि को **३५५६६** मा SMS गर्ने तरिका :
HSEB <space> SymbolNo. टाईप गरी **३५५६६** मा SMS गर्ने ।
४. इजि सर्भिस प्रा. लि को **३४९४९** मा SMS गर्ने तरिका :
HSEB <space> Symbol No. टाईप गरी **३४९४९** मा SMS गर्ने ।

**प्रकाशित परीक्षाफल निम्न IVR बाट प्राप्त गर्न सकिनेछ :**

१. नेपाल टेलिकमको **१६०१** मा डायल गरी प्राप्त निर्देशानुसार गर्ने

पुनश्चः-

१. उत्तीर्ण परीक्षार्थीहरूलाई वितरण गरिने प्रमाणपत्रहरू-ट्रान्सक्रिप्ट, माईग्रेसन र प्रोभिजनल (TMP) प्रमाणपत्रहरू नतिजा प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन पछि मात्र उपलब्ध गराईनेछ । रजिष्ट्रेशन नं. का शुरुका दुई अंक ६८ वा सो भन्दा बढी भएका विद्यार्थीहरुको शैक्षिक योग्यताका प्रमाणपत्रहरु (TMP) राष्ट्रिय परीक्षा बोर्डका शाखा कार्यालयहरु (विराटनगर, हेटौडा, पोखरा, बुटवल, नेपालगञ्ज, धनगढी र काठमाण्डौं) बाट उपलब्ध गराइनेछ । नतिजा प्रकाशनका क्रममा कुनै त्रुटि (अनुपस्थित, विषय फरक पर्ने, नाम थर, र.नं. फरक पर्ने) देखिएमा सम्बन्धित शाखा कार्यालयहरू वा राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुरमा तिन महिना भित्र आवश्यक कागजात सहित निवेदन पेश गर्न अनुरोध गरिन्छ ।

२. राष्ट्रिय परीक्षा बोर्डबाट कक्षा ११ र १२ को नतिजा प्रकाशन पश्चात आफूले प्राप्त गरेको कुनै विषयको प्राप्ताङ्कमा चित्त नबुझेमा सम्बन्धित परीक्षार्थीले पुनर्योग गराउनका लागि प्रति विषय रु. ५००।- (पाच सय) का दरले दस्तुर बुझाई पुनर्योगका लागि लब्धाङ्कपत्रको प्रतिलिपि सहित नतिजा प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र राष्ट्रिय परीक्षा बोर्डको सम्बन्धित शाखा कार्यालय वा राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुरमा आवेदन दिइसक्नु पर्ने छ ।

- परीक्षा नियन्त्रक

मिति : २०७३/०५/२७